☎ फोन नं- ०२५-४०१०६५,०२५-४०१०६६
www.koshimun.gov.np, Email : koshigaupalika@gmail.com

# कोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल
(जिन्सी शाखा)

पत्र संख्या : ०८०/०८१
चलानी नं.: २४८८

मिति:- २०८१/०३/२७

**गाडी भाडामा लिने सम्बन्धी ७ (सात) दिने सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०८१/०३/२८

यस कोशी गाउँपालिका लौकही सुनसरीको आ.व. २०८१/०८२ अवधिको लागि स्कारपीयव जिप (गाडी) भाडामा लिनु पर्ने भएकोले भाडामा दिन चाहनु हुने गाडी धनिहरुले तपसिल अनुसारका शर्तहरुको अधिनमा रही आफुले दिन चाहेको मासिक भाडा रकम उल्लेख गरी खाम बन्दी गरी गोप्य रुपमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समय सम्म गाडिको विल बुक र विमाको कागजातहरुको प्रमाणित प्रतिलिपी सहित रु.१०००/- अक्षरेपी एक हजार मात्र यस कार्यालयमा बुझाएको नगदी रसिद समेत संलग्न राखी पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. स्कारपीयो २०२० मोडलको तेश्रो पक्ष विमा सहित कन्डीसनको हुनु पर्ने छ ।
२. आर्थिक वर्षको सम्झौता अवधि २०८१ श्रावण ७ गते देखि २०८२ आषढ मसान्तका लागि उपलब्ध गराउनु पर्ने छ ।
३. दर रेट पेश गर्दा इन्धन बाहेकको जिल्ला दररेटमा नबढने गरी न्यूनतम मासिक कर सहित पेश गर्नु पर्ने छ । भाडा भुक्तानी दिदा कबोल अंङ्कमा १० प्रतिशत वहाल कर कट्टा गरी भुक्तानी हुने छ ।
४. गाडी प्रयोग गर्दा लाग्ने इन्धन र मासिक भाडा मात्र कार्यलयले व्यहोर्ने छ ।
५. सवारी चालक कार्यालयले उपलब्ध गराउने छ ।
६. बढीमा रु.३००००/-(तिस हजार) मात्र सम्मको सानातिना मर्मत यसै कार्यालयबाट हुने र सो भन्दा बढी खर्च लाग्ने गरी गाडी बिग्रीएमा गाडी धनिले व्यहोर्नु पर्नेछ ।
७. गाडी कार्यालयको नियन्त्रणमा रहनेछ ।
८. यस कार्यालयको अनुमति विना अन्य प्रयोजनमा गाडी प्रयोग गर्न पाईने छैन साथै गाडीको सम्पूर्ण कागजातहरु नविकरण गरिएको हुनु पर्ने र गर्ने कार्य समेत गाडी धनिको हुने छ ।
९. संभावित दैवि प्रकोपबाट हुने क्षेतीको सम्बन्धमा संयम गाडी धनि जवाफदेही हुनु पर्ने छ ।
१०. कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका दरभाउहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।
११. थप जानकारीको लागि मो. नं.९८५२०५६९०६ वा यस कार्यालयको Web Site www.Koshimun.gov.np मा हेर्न सकिने छ ।
१२. अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत

दामोदर दाहाल
प्रमुख प्रशासकीय अधिकृत